# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

**पत्र संख्या:** २०८२-०८३
**चलानी न.:**

**मिति:** २०८२-११-०५

**सुचना नं.:- ५७**

**स्थानिय कोदोको रक्सी उत्पादन, ब्राण्डिङ तथा व्यवस्थापन सम्बन्धमा।**

प्रस्तुत विषयमा यस विहादी गाउँपालिकाभित्र उपलब्ध स्थानीय कच्चा पदार्थ को सदुपयोग गर्दै स्थानीय बासिन्दालाई व्यावसायिक, आत्मनिर्भर र उद्यमशील बनाउनका लागि गण्डकी प्रदेश सरकारद्धारा जारी **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादन नियमन तथा व्यवस्थापन ऐन २०८२"** र **"विहादी गाउँपालिकाको स्थानिय मदिरा (अन्नबाली तथा फलफुलबाट) उत्पादन, ब्राण्डिङ तथा बिक्री वितरण व्यवस्थापन ऐन, २०८२"** तथा **"मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०८२"** अन्तर्गत रही यस गाउँपालिका भित्र स्थानिय कच्चा पदार्थ र सिपमा आधारित लघु उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न लागिएको छ। यस कार्यक्रमको मुख्य उद्देश्य घरेलु मदिरा उत्पादनलाई कानुनी दायरामा ल्याएर गुणस्तरीय उत्पादन, प्याकेजिङ र बजारीकरणका लागि इच्छुक व्यक्तिहरूलाई अवसर प्रदान गर्नु हो। त्यसैले यस गाउँपालिका भित्रका १८ वर्ष पूरा भएका इच्छुक नागरिकहरूले मिति २०८२ फागुन २० गते कार्यालय समयभित्र आफ्नो सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको रोजगार शाखामा उपस्थित भई आवेदन दिनुहुन अनुरोध गरिन्छ। यस कार्यक्रमले घरेलु मदिरालाई कानुनी मान्यता दिई स्थानीय आयआर्जनको बलियो स्रोत बनाउन लक्ष्य राखेको समेत जानकारी गराउदछौ।

थमन बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

**१. कार्यक्रमका बिशेषताहरु:**

- कोदोको मदिरा उत्पादन सम्बन्धी आधुनिक प्रविधि हस्तान्तरण र सीप विकास तालिम।
- ब्रान्डिङ, प्याकेजिङ र बजारीकरणमा पालिकाको प्राविधिक सहयोग।
- उत्पादित मदिराको गुणस्तर परीक्षणका लागि पालिका भित्रै गुणस्तर परीक्षण ल्याब (Lab) स्थापना र सञ्चालन।
- उद्यमको रूपमा दर्ता प्रमाणपत्र तथा इजाजतपत्र सम्बन्धी प्रकृयामा सहजिकरण।।

**२. आवेदनका लागि आवश्यक विवरण**

- **आवश्यक कागजात:** नागरिकताको प्रतिलिपि र निवेदन।

*(थप जानकारीको लागि विहादी गाउँपालिका कार्यालय वा ९८६७९४६०३१ मा सम्पर्क गर्नुहोला)*